अनुसूची २

(दफा ४ तथा अनसूची १ को भाग २ सँग सम्बन्धित)

चुमनुब्री गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ९ संख्या : ६ मिति : २०८३/०३/०९

**भाग-२**

# चुमनुब्री गाउँपालिका आम्ची (सोवारिग्पा) संरक्षण तथा व्यवस्थापन कार्यविधि २०८३

**चुमनुब्री गाउँपालिका**
**सिर्दिवास, गोरखा**
**गण्डकी प्रदेश**

# चुमनुब्री गाउँपालिका आम्ची (सोवारिग्पा) संरक्षण तथा व्यवस्थापन कार्यविधि २०८३

गाउँपालिकाको कार्यपालिकाबाट स्वीकृत मितिः २०८३।०३।०८

चुमनुब्री गाउँपालिकाको आम्ची (सोवारिग्पा) संरक्षण तथा व्यवस्थापन ऐन, २०८० को दफा १८ ले दिएको अधिकार प्रयोग गरी चुमनुब्री गाउँपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "चुमनुब्री गाउँपालिका आम्ची (सोवारिग्पा) संरक्षण तथा व्यवस्थापन कार्यविधि २०८३" रहेको छ।

(२) यो कार्यविधि गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "ऐन" भन्नाले गाउँपालिकाको आम्ची (सोवारिग्पा) संरक्षण तथा व्यवस्थापन ऐन, २०८० लाई जनाउँदछ।

(ख) "कार्यविधि" भन्नाले आम्ची (सोवारिग्पा) संरक्षण तथा व्यवस्थापन कार्यविधि २०८३ लाई जनाउँदछ।

(ग) "इजाजतपत्र" भन्नाले यस कार्यविधि बमोजिम आम्ची (सोवारिग्पा) पेशा सञ्चालनका लागि गाउँपालिकाले उपलब्ध गराएको इजाजतपत्रलाई जनाउँदछ।

## परिच्छेद २
## आम्ची (सोवारिग्पा) सेवा सञ्चालनका लागि इजाजतपत्र लिने सम्बन्धी व्यवस्था

**३. आम्ची (सोवारिग्पा) सेवा समन्वय उपसमितिको गठनः** (१) ऐन र यस कार्यविधि बमोजिम आम्ची (सोवारिग्पा) सेवा सञ्चालनको इजाजतपत्र लिनका लागि परेका निवेदन र पेश भएका कागजातका विषयमा अध्ययन गरी व्यक्तिगत वा संस्थागत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालन गर्न पाउने इजाजतपत्र प्रदान गर्ने विषयमा गाउँपालिकाको स्वास्थ्य समिति वा प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्नका लागि कार्यपालिकाको स्वास्थ्य सम्बन्धी समिति अन्तर्गत अध्यक्षले देहाय बमोजिमको आम्ची (सोवारिग्पा) सेवा समन्वय उपसमिति गठन गर्नु पर्नेछः

(क) कार्यपालिका सदस्य मध्येबाट स्वास्थ्य विषय हेर्ने प्रतिनिधि - संयोजक

(ख) गाउँपालिका क्षेत्रमा परम्परादेखि आम्ची (सोवारिग्पा) सेवा सञ्चालन गर्दै आएका अनुभवी आम्चीमध्येबाट एक जना - सदस्य

(ग) गाउँपालिकामा स्वास्थ्य विषय हेर्ने कर्मचारी एक जना - सदस्य

(२) आम्ची (सोवारिग्पा) सेवा समन्वय तथा अनुगमन उपसमितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आम्ची (सोवारिग्पा) सेवासम्बन्धी परम्परागत ज्ञानको प्रमाणीकरण गर्ने।

(ख) ऐन बमोजिम आम्ची (सोवारिग्पा) सेवा सञ्चालनका लागि इजाजतपत्र दिनका लागि परेका निवेदन र कागजात अध्ययन गरी इजाजत्रपत्र दिनका लागि गाउँपालिकाको स्वास्थ्य समिति वा सो समितिले अख्तियारी दिए अनुसार प्रमुख प्रशासकीय अधिकृत समक्ष सिफारिस गर्ने।

(ग) आम्ची (सोवारिग्पा) सेवाको अनुगमन गरी सेवा सञ्चालकलाई सुझाव दिनका लागि स्वास्थ्य सम्बन्धी समितिमा प्रतिवेदन पेश गर्ने।

(३) आम्ची (सोवारिग्पा) सेवा सञ्चालनका लागि इजाजतपत्र माग गरी निवेदन परेको सामान्यताया सात दिन भित्रमा उपसमितिको बैठक बसी इजाजतपत्र दिनका लागि सिफारिस गर्नु पर्नेछ।

(४) आम्ची (सोवारिग्पा) सेवा समन्वय तथा अनुगमन उपसमितिको बैठक अवश्यकता अनुसार सो समितिका संयोजकले बोलाउन सक्ने छन्।

(५) आम्ची (सोवारिग्पा) सेवा समन्वय तथा अनुगमन उपसमितिको बैठकको विधि तथा प्रक्रिया उपसमितिले आफैले तय गर्नेछ।

**४. आम्ची (सोवारिग्पा) सम्बन्धी परम्परागत ज्ञान, सीप र अभ्यासको प्रमाणीकरणः** (१) परम्परागत आम्ची (सोवारिग्पा) विधिबाट स्वास्थ्य सेवा प्रदान गर्दै आएका आम्चीहरुले आफूले दिदै आएको परम्परागत आम्ची (सोवारिग्पा) सेवाका बारेमा आफ्ना कुनै दुई जना छिमेकी वा आम्ची सेवा लिदै आएका कुनै दुई जना व्याक्तिबाट अनुसूची १ बमोजिमको ढाँचामा सेवा प्रमाणित गराई उक्त कागजात गाउँपालिकामा पेश गर्न सक्नेछन्।

(२) कुनै आम्चीले उपदफा (१) बमोजिमको कागजात पेश गरेमा आम्ची (सोवारिग्पा) सेवा समन्वय उपसमितिले अध्ययन गरी वा आम्चीहरुसँग छलफल गरी आम्ची (सोवारिग्पा) सम्बन्धी परम्परागत ज्ञानको प्रमाणीकरणका लागि सिफारिस गरे अनुसार गाउँपालिकाको आम्ची (सोवारिग्पा) सेवा समन्वय उपसमितिको संयोजकले अनुसूची २ बमोजिमको ढाँचामा आम्ची (सोवारिग्पा) सम्बन्धी परम्परागत ज्ञान, सीप र अभ्यासको प्रमाणीकरण गरेको प्रमाणपत्र दिनु पर्नेछ।

**५. आम्ची (सोवारिग्पा) सेवा सञ्चालनका लागि योग्यताको प्रमाणपत्रः** (१) परम्परागत आम्ची (सोवारिग्पा) विधि बाहेक शैक्षिक योग्यताका आधारमा आम्ची (सोवारिग्पा) सेवा प्रदान गर्नका लागि देहायका निकाय वा संघ संस्था वा शैक्षिक संस्थाबाट प्राप्त प्रमाणपत्रलाई योग्यताको प्रमाणपत्रका रुपमा मान्यता प्रदान गर्न सकिनेछः

(क) नेपाल सरकार वा प्रदेश सरकारका निकाय वा सोबाट मान्यता प्राप्त सम्बन्धित शैक्षिक संस्था

(ख) आम्ची एशोसिएशन वा एशोसिएशनले मान्यता प्रदान गरेको संस्था

(ग) विदेशस्थित सम्बन्धित शैक्षिक सस्था

(घ) बौद्ध गुम्बाहरुले सञ्चालन गर्दै आएको शैक्षिक संस्था वा बौद्ध गुम्बा

(ङ) चुमनुब्री गाउँपालिकाले मान्यता प्रदान गरेको शैक्षिक संस्था

(२) शैक्षिक योग्यताका आधारमा आम्ची (सोवारिग्पा) सेवा प्रदान गर्नका लागि उपनियम (१) बमोजिमका निकाय वा संस्थाहरुमा कम्तिमा एक वर्षको अध्ययन वा तालिम प्राप्त गरी उक्त अध्ययन वा तालिम उत्रीण गरेको हुनु पर्नेछ ।

६. **व्यक्तिगत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालनको प्रमाणपत्र लिनेः** (१) संस्था दर्ता नगरी व्यक्तिगत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालनको इजाजतपत्र लिन चाहने आम्चीले अनुसूची-३ बमोजिमको ढाँचामा देहायका कागजात सहित गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(क) नागरिकताको प्रमाणपत्र

(ख) आम्ची (सोवारिग्पा) सेवा प्रदान गर्ने योग्यताको प्रमाणपत्र

(२) उपदफा (१) बमोजिमको निवेदन परेको ७ दिनभित्र वा आवश्यकता अनुसार आम्ची (सोवारिग्पा) सेवा समन्वय उपसमितिको बैठक आयोजना गर्नु पर्नेछ ।

(४) आम्ची (सोवारिग्पा) सेवा समन्वय उपसमितिले व्यक्तिगत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालनको इजाजतपत्र लिनका लागि परेको निवेदनका विषयमा निवेदकसँग छलफल र पेश भएका कागजात अध्ययन गरी गाउँपालिकाको कुनैपनि क्षेत्रमा व्यक्तिगत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालन गर्न पाउनेगरी इजाजतपत्र दिने निर्णय गरी सिफारिस गरे पश्चात् गाउँपालिकाको आम्ची (सोवारिग्पा) सेवा समन्वय उपसमितिको संयोजकले अनुसूची-४ बमोजिमको ढाँचामा व्यक्तिगत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालन गर्ने इजाजतपत्र दिनु पर्नेछ ।

(५) गाउँपालिकाले उपनियम (४) बमोजिमको इजाजतपत्रमा देहायका शर्तहरु तोक्न सक्नेछः

(क) सेवाग्राही तथा बिमारीहरुसँग गाउँपालिकाले तोके भन्दा बढी सेवा शुल्क लिन नपाइने ।

(ख) आम्ची (सोवारिग्पा) सेवा सञ्चालनका क्रममा प्रयोग गर्दै आएका परम्परागत औषधी र सो सम्बन्धी परम्परागत ज्ञानको सामान्य विवरण गाउँपालिकामा उपलब्ध गराउनु पर्ने ।

(ग) समय समयमा गाउँपालिकाले दिएका सल्लाह सुझावहरुको पालना गर्ने ।

(६) उपनियम (५) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए तापनि आम्चीहरुले गाउँपालिकामा उपलब्ध गराएको परम्परागत ज्ञानको विवरण सम्बन्धित आम्चीको स्वतन्त्र पूर्वसूचित सहमति नलिई सार्वजनिक गरिने वा अन्य कुनै पनि पक्षलाई उपलब्ध गराउन पाइने छैन र कुनै आम्चीले सेवा सञ्चालनका क्रममा प्रयोग गर्दै आएको परम्परागत ज्ञानको संरक्षण नहुने वा दुरुपयोग हुन सक्ने वा चोरी हुन सक्ने अवस्था महसुस गरेमा परम्परागत ज्ञानको विवरण उपलब्ध नगराउन सक्नेछ ।

७. **संस्थागत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालनको इजाजतपत्र लिनेः** (१) विभिन्न निकायमा दर्ता भएका निजी फर्म, कम्पनी, संघ सस्था, सहकारी, घरेलु उद्योग आदिको रुपमा रहेका संस्थाले गाउँपालिकाको क्षेत्रभित्र ऐनको दफा २(१) बमोजिमका स्वास्थ्य सस्थाका माध्यमबाट संस्थागत रुपमा परम्परागत आम्ची

(सोवारिग्पा) सेवा सञ्चालनको इजाजतपत्र लिन चाहेमा ऐनको दफा ८ मा उल्लिखत कागजातका साथै देहाय बमोजिमका कागजात सहित अनुसूची ५ बमोजिमको ढाँचामा गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ।

(क) संस्था दर्ताको प्रमाणपत्र

(ख) संस्थाको सञ्चालक समितिका सदस्यहरुको विवरण

(ग) संस्थाले उपलब्ध गराउने आम्ची (सोवारिग्पा) सेवासम्बन्धी विवरण

(२) आम्ची (सोवारिग्पा) सेवा सञ्चालन गर्ने र यसका लागि परम्परागत औषधी उत्पादन गर्ने उद्देश्यले लघु उद्यम स्थापना गर्न चाहेमा देहाय बमोजिमका कागजात सहित अनुसूची ७ बमोजिमको ढाँचामा गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ।

(क) लघु उद्यम स्थापना गर्न चाहने व्यक्तिहरुको नागरिकताको प्रमाणपत्र

(ख) लघु उद्यम रहने स्थानको घरजग्गाको प्रमाणपूर्जा

(ग) लघु उद्यमले आम्ची (सोवारिग्पा) सेवासम्बन्धी औषधी उत्पादन गर्ने भएमा सोको सामान्य विवरण

(घ) लघु उद्यमले उपलब्ध गराउने आम्ची (सोवारिग्पा) सेवासम्बन्धी विवरण

(३) उपनियम (१) र (२) बमोजिमको निवेदन परेको ७ दिनभित्र वा आवश्यकता अनुसार आम्ची (सोवारिग्पा) सेवा समन्वय उपसमितिको बैठक आयोजना गर्नु पर्नेछ।

(४) आम्ची (सोवारिग्पा) सेवा समन्वय उपसमितिले संस्थागत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालन वा परम्परागत औषधी उत्पादनको इजाजतपत्र लिनका लागि परेको निवेदनका विषयमा निवेदकसँग छलफल र पेश भएका कागजात अध्ययन गरी गाउँपालिकाको कुनैपनि क्षेत्रमा संस्थागत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालन वा परम्परागत औषधी उत्पादन गर्न पाउनेगरी इजाजतपत्र दिने निर्णय गरी गाउँपालिकाको स्वास्थ्य समिति मार्फत सिफारिस गरे पश्चात् गाउँपालिकाको आम्ची (सोवारिग्पा) सेवा समन्वय उपसमितिको संयोजकले अनुसूची-६ बमोजिमको ढाँचामा संस्थागत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालन गर्ने र अनुसूची-८ बमोजिमको ढाँचामा परम्परागत औषधी उत्पादन गर्न पाउने गरी इजाजतपत्र दिनु पर्नेछ।

(५) गाउँपालिकाले उपनियम (४) बमोजिमको इजाजतपत्रमा देहायका शर्तहरु तोक्न सक्नेछः

(क) सेवाग्राही तथा बिमारीहरुसँग गाउँपालिकाले तोके भन्दा बढी सेवा शुल्क लिन नपाइने।

(ख) आम्ची (सोवारिग्पा) सेवा सञ्चालनका क्रममा प्रयोग गर्दै आएका परम्परागत औषधीको सामान्य विवरण गाउँपालिकामा उपलब्ध गराउनु पर्ने।

(ग) समय समयमा गाउँपालिकाले दिएका सल्लाह सुझावहरुको पालना गर्ने।

## परिच्छेद तीन
## विविध

८. **इजाजतपत्रको दस्तुर र नवीकरण शुल्कः** (१) यस नियमावली बमोजिम प्राप्त गर्ने इजाजतपत्रको दस्तुर गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख गरिए बमोजिम हुनेछ र आर्थिक ऐनमा व्यवस्था नगर्दासम्म इजाजतपत्रको दस्तुर पाँच सय रुपैया रहनेछ।

(२) यस नियमावली बमोजिम प्राप्त इजाजतपत्रको प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्रमा एक सय रुपैया शुल्क तिरी गाउँपालिका कार्यालयमा नवीकरण गर्नु पर्नेछ।

**९. वार्षिक विवरण उपलब्ध गराउने:** आम्ची (सोवारिग्पा) सेवा प्रदान गर्ने वा परम्परागत औषधी उत्पादन गर्ने आम्ची स्वास्थ्य संस्थाहरुले ऐनको दफा ४(११) बमोजिम राखेको विवरण प्रत्येक वर्ष स्वास्थ्य सस्था नवीकरण गराउने समयमा गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ।

**१०. अनुगमन गरी सुझाव दिन सक्ने:** गाउँपालिकाले आम्ची (सोवारिग्पा) सेवा सञ्चालन गर्ने संस्थाहरुको अनुगमन गरी कुनै कुरा सुधार गर्नु पर्ने देखिएमा सुधारका लागि सुझाव दिन सक्नेछ र यस्तो सुझावको कार्यान्वयन गर्नु पर्नछ।

**अनुसूची १**
**(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)**

**आम्ची (सोवारिग्पा) सेवा प्रमाणित गर्ने पत्रको ढाँचा**

मितिः

**श्री अध्यक्षज्यू**
**चुमनुब्री गाउँपालिका**

विषयः आम्ची (सोवारिग्पा) सेवा प्रदान गरेको बेहोरा प्रमाणीकरण गरिदिनु हुन ।

महोदय

उपरोक्त सम्बन्धमा यस गाउँपालिका, वार्ड ...... बस्ने वर्ष ........ का श्री .................................... ले विगत ................. वर्षदेखि छरछिमेक तथा गाउँवस्तिमा आम्ची (सोवारिग्पा) सम्बन्धी परम्परागत ज्ञानका आधारमा आम्ची (सोवारिग्पा) सेवा प्रदान गरी विभिन्न रोग विमारहरुको उपचार गर्ने सेवा प्रदान गर्दै आएको हुँदा उक्त बेहोरा प्रमाणित गरिदिनु हुन अनुरोध गर्दछु ।

निवेदक
नामः
ठेगानाः
दस्तखतः

**अनुसूची २**
**(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)**

**आम्ची (सोवारिग्पा) सेवा सम्बन्धी परम्परागत ज्ञान प्रमाणित गर्ने ढाँचा**

**चुमनुब्री गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सिर्दिवास, गोरखा**

**आम्ची (सोवारिग्पा) सेवा सम्बन्धी परम्परागत ज्ञान प्रमाणित गरेको प्रमाणपत्र**

यस चुमनुब्री गाउँपालिका, वार्ड …… बस्ने वर्ष …….. का श्री ……………………………… ले परम्परागत तथा पुर्खौली ज्ञानका आधारमा प्रदान गर्दै आम्ची (सोवारिग्पा) सेवाका बारेमा विभिन्न व्यक्तिहरुले प्रमाणित गरी उपलब्ध गराएका पत्रहरुको अध्ययन र निजसँगको छलफलका आधारमा श्री ……………………………… मा आम्ची (सोवारिग्पा) सेवा प्रदान गर्न सक्ने परम्परागत ज्ञान र सीप रहेको व्यहोरा प्रमाणित गरिन्छ।

जारी गर्ने अधिकारी/पदाधिकारी
दस्तखतः
नामथर:
पद:
मितिः

**अनुसूची ३**
**(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)**

**व्यक्तिगत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालनको प्रमाणपत्रका लागि पेश गर्ने निवेदनको ढाँचा**

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
चुमनुब्री गाउँपालिका

विषयः व्यक्तिगत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालन गर्ने प्रमाणपत्र उपलब्ध गराई पाउँ।

महोदय

उपरोक्त सम्बन्धमा यस चुमनुब्री गाउँपालिका, वडा नं. बस्ने वर्ष ……… को म ……………………….. ले आम्ची (सोवारिग्पा) सेवा सञ्चालन गर्ने परम्परागत ज्ञान भएको बेहोरा प्रमाणित गरेको प्रमाणपत्र प्राप्त गरेको/विगत …… वर्षदखि व्यक्तिगत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालन गर्दै आएको/ आम्ची (सोवारिग्पा) विषय अध्ययन गरी प्रमाणपत्र प्राप्त गरेको कुरा पुष्टि गर्ने कागजातहरु यसै निवेदनसाथ पेश गरेको छु। त्यसैले मलाई व्यक्तिगत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालन गर्न पाउने प्रमाणपत्र उपलब्ध गराई पाउँ भनी यो निवेदन पेश गरेको छु।

संरलग्न कागजातहरु

(क) नागरिकता

(ख) तल उल्लिखित मध्ये कुनै एक कागजातः

- आम्ची (सोवारिग्पा) सेवा सञ्चालन गर्ने परम्परागत ज्ञान भएको बेहोरा प्रमाणित गरेको प्रमाणपत्र वा
- विगत …… वर्षदखि व्यक्तिगत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालन गर्दै आएको पुष्टि गर्ने कागजात वा
- आम्ची (सोवारिग्पा) विषय अध्ययन गरी प्राप्त गरेको प्रमाणपत्र

निवेदक

नामः
ठेगानाः
दस्तखत

**अनुसूची ४**
**(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)**

**व्यक्तिगत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालन गर्ने इजाजतपत्रको ढाँचा**

**चुमनुब्री गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सिर्दिवास, गोरखा**

प्रमाणपत्र संख्याः मिति :

**व्यक्तिगत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालन गर्ने इजाजतपत्र**

श्री …………………………………..
चुमनुब्री गाउँपालिका, वडा नं.

तपाईले व्यक्तिगत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालन गर्ने इजाजतपत्र प्रदान गरी पाउँ भनी दिनु भएको निवेदन साथ संलग्न कागजातहरुको अध्ययन गर्दा व्यक्तिगत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालन गर्न पाउने अवस्था देखिएको हुँदा यस गाउँपालिकाको आम्ची (सोवारिग्पा) संरक्षण तथा व्यवस्थापन ऐन, २०८० र आम्ची (सोवारिग्पा) संरक्षण तथा व्यवस्थापन कार्यविधि २०८३ को पालना गरी व्यक्तिगत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालन गर्नका लागि यो प्रमाणपत्र प्रदान गरिएको छ।

जारी गर्ने अधिकारी/पदाधिकारी
दस्तखतः
नामथरः
पदः
मितिः

**अनुसूची ५**

**(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)**

**संस्थागत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालनको प्रमाणपत्रका लागि पेश गर्ने निवेदनको ढाँचा**

मितिः

श्री अध्यक्षज्यू
चुमनुब्री गाउँपालिका

विषयः संस्थागत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालन गर्ने प्रमाणपत्र उपलब्ध गराई पाउँ।

महोदय

उपरोक्त सम्बन्धमा मैले/हामीले चुमनुब्री गाउँपालिका, वडा नं. ……… मा संस्थागत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालन गर्ने भएकोले देहायका कागजात र विवरणहरु यसै निवेदनसाथ पेश गरेको छु । त्यसैले मलाई/हामीलाई संस्थागत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालन गर्न पाउने प्रमाणपत्र उपलब्ध गराई पाउँ भनी यो निवेदन पेश गरेको छु।

संरलग्न कागजातहरु

(क) सञ्चालकको नागरिकता
(ख) संस्थाको सञ्चालक समितिमा रहने सदस्यहरुको नामावली
(ग) संस्थागत रुपमा उपलब्ध गराउने आम्ची (सोवारिग्पा) सेवासम्बन्धी विवरण

निवेदक

नामः
ठेगानाः
दस्तखतः

**अनुसूची ६**

**(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)**

**संस्थागत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालन गर्ने इजाजतपत्रको ढाँचा**

**चुमनुब्री गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**सिर्दिवास, गोरखा**

प्रमाणपत्र संख्याः मिति :

**संस्थागत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालन गर्ने इजाजतपत्र**

श्री …………………………………..

चुमनुब्री गाउँपालिका, वडा नं.

तपाईले संस्थागत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालन गर्ने इजाजतपत्र प्रदान गरी पाउँ भनी दिनु भएको निवेदन साथ संलग्न कागजातहरुको अध्ययन गर्दा संस्थागत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालन गर्न पाउने अवस्था देखिएको हुँदा यस गाउँपालिकाको आम्ची (सोवारिग्पा) संरक्षण तथा व्यवस्थापन ऐन, २०८० र आम्ची (सोवारिग्पा) संरक्षण तथा व्यवस्थापन कार्यविधि २०८३ को पालना गरी संस्थागत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालन गर्नका लागि यो प्रमाणपत्र प्रदान गरिएको छ।

जारी गर्ने अधिकारी/पदाधिकारी

दस्तखतः

नामथर:

पद:

मितिः

**अनुसूची ७**
**(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)**

**आम्ची (सोवारिग्पा) सेवाका लागि औषधी उत्पादन गर्ने लघु उद्यम सञ्चालनको प्रमाणपत्रका लागि पेश गर्ने निवेदनको ढाँचा**

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
चुमनुब्री गाउँपालिका

विषयः आम्ची (सोवारिग्पा) सेवाका लागि औषधी उत्पादन गर्ने लघु उद्यम सञ्चालन गर्ने प्रमाणपत्र उपलब्ध गराई पाउँ।

महोदय

उपरोक्त सम्बन्धमा चुमनुब्री गाउँपालिका, वडा नं. ...... मा मैले/हामीले आम्ची (सोवारिग्पा) सेवाका लागि औषधी उत्पादन गर्ने लघु उद्यम सञ्चालन गर्ने भएकोले देहायका कागजात र विवरणहरु यसै निवेदनसाथ पेश गरेको छु। त्यसैले मलाई/हामीलाई आम्ची (सोवारिग्पा) सेवाका लागि लघू उद्यम स्थापना र सञ्चालन गर्न पाउने प्रमाणपत्र उपलब्ध गराई पाउँ भनी यो निवेदन पेश गरेको छु।

संरलग्न कागजातहरु

(क) लघु उद्यम सञ्चालकको नागरिकता
(ख) लघु उद्यम सञ्चालक वा सञ्चालकहरुको नामावली
(ग) लघु उद्यमले आम्ची (सोवारिग्पा) सेवाका लागि उत्पादन गर्ने औषधीहरुको विवरण

निवेदक

नामः
ठेगानाः
दस्तखतः

**अनुसूची ८**
**(दफा ७ को उपदफा (४) सँग सम्बन्धित)**

**आम्ची (सोवारिग्पा) सेवाका लागि औषधी उत्पादन गर्ने इजाजतपत्रको ढाँचा**

**चुमनुब्री गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सिर्दिवास गोरखा**

**संस्थागत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालन गर्ने इजाजतपत्र**

प्रमाणपत्र संख्याः मितिः

श्री ……………………………………..
चुमनुब्री गाउँपालिका, वडा नं.

तपाईले आम्ची (सोवारिग्पा) सेवाका लागि औषधी उत्पादन गर्न लघु उद्यम सञ्चालन गर्ने इजाजतपत्र प्रदान गरी पाउँ भनी दिनु भएको निवेदन साथ संलग्न कागजातहरुको अध्ययन गर्दा आम्ची (सोवारिग्पा) सेवाका लागि औषधी उत्पादन गर्न लघु उद्यम सञ्चालन गर्न पाउने अवस्था देखिएको हुँदा यस गाउँपालिकाको आम्ची (सोवारिग्पा) संरक्षण तथा व्यवस्थापन ऐन, २०८० र आम्ची (सोवारिग्पा) संरक्षण तथा व्यवस्थापन कार्यविधि २०८३ को पालना गरी संस्थागत रुपमा आम्ची (सोवारिग्पा) सेवा सञ्चालन गर्नका लागि यो प्रमाणपत्र प्रदान गरिएको छ।

जारी गर्ने अधिकारी/पदाधिकारी
दस्तखतः
नामथर:
पद:
मितिः

आज्ञाले
मनोज लामिछाने
प्रमुख प्रशासकीय अधिकृत